प्रमुख समाचार

1. भारत र जर्म्नीले १९ वटा प्रमुख सम्झौता ज्ञापनहरूमा हस्ताक्षर र आठ प्रमुख घोषणाहरू गरेका छन्, श्री मोदीले भारत – जर्मनी व्यापरले रेकर्ड ५० अर्ब डॉलर नाघेको बताउनु भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी नयाँ दिल्लीमा विकसित भारत युवा नेता सम्वाद २०२६ को समापन सत्रमा भाग लिदै हुनुहुन्छ।

३. आज राष्ट्रीय युवा दिवस हो। स्वामी विवेकानन्दको जन्मदिवसको उपलक्ष्यमा यस दिवसको पालना गरिन्छ।

४. महिला प्रीमियर लीग CVPL क्रिकेटमा, Royal challengers Bengaluru को सामना UP Warriors सित नबी मुम्बईको D. Y Patil Sports Academy मा भई रहेको छ।

भारत- जर्मनी सहयोग

भारत र जर्मनीले गान्धीनगरमा प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर फ्रेडरिक मोर्जबीजको उच्चस्तरीय बैठकपछि द्विपक्षीय सम्बन्धमा नयाँ अध्याय शुरू गर्दै रक्षा, व्यापार र प्रविधिमा आधारित विस्तृत पहलहरूको घोषणा गरेका छन्। रक्षा औद्योगिक सहयोगलाई सुदृढ पार्न, दुवै राष्ट्रहरूले सह-विकास र सह- उत्पादनमा केन्द्रित घोषणापत्रमा हस्ताक्षर गरे। प्रधानमन्त्रीले नरेन्द्र मोदीले भन्नुभयो भारत र जर्मनी केवल आर्थिक साझेदार होइनन्, तर विश्वव्यापी शान्ति र स्थिरताका लागि प्रतीबद्ध दुई द्विपक्षीय व्यापारले रेकर्ड ५० अर्ब नाघेको छ भनि उल्लेख गर्नुभयो।

उहाँले विशेष गरी हरित ऊर्जा र उन्नत प्रविधिको क्षेत्रमा भारत- जर्मनी साझेदारी अग्रगामी छ भनि टिप्पणी गर्नुभयो र दुई राष्ट्रहरू आतंकवाद विरूद्धको लड़ाईमा एकमत छन् भन्ने कुरामापनि जोड़ दिनुभयो। चान्सलर मेर्जले संयुक्त नौसेना रवायु सेना अभ्यासहरू सहित यी गहिरो सैन्य सम्बन्धहरूले भारतलाई यसको रक्षा निर्भरता विविधीकरण गर्न मद्दत गर्नेछ भनि जोड़ दिनुभयो। आर्धिक मोर्चामा, नेताहरूले भारत- युरोपेली संघ मुक्त व्यापार सम्झौतालाई अन्तिम रूप दिने आफ्नो प्रतिबद्धता समेत दोहोर्याए। छलफलको प्रमुख केन्द्रबिन्दु सीप विकास र प्रवासन रहेको थियो। आफ्नो साझा सांस्कृतिक सम्पदालाई प्रतिबिम्बित गर्दै, जर्मन समुद्री संग्रहालयसँगको सहकार्यमा लोथलमा राष्ट्रिय समुद्री सम्पदा परिसरको विकासको लागि

सम्झौतामा हस्ताक्षर गरियो। विश्वव्यापी मुद्दाहरूमा, प्रधानमन्त्री मोदी र चान्सलर मेर्जले युक्रेनको अवस्था र संयुक्त राष्ट्र सुरक्षा परिषद् सुधारको तत्काल आवश्यकताबारे पनि छलफल गर्नुभयो।

## भारत- जर्मनी सम्झौता ज्ञापन हस्ताक्षर

भारत र जर्मनीले १९ वटा प्रमुख सम्झौता – ज्ञापनहरूमा हस्ताक्षर गर्दै आठ प्रमुख घोषणाहरू गरेका छन् जसमा द्विपक्षीय रक्षा औद्योगिक सहयोगलाई सुदृढ पार्न संयुक्त आशय घोषणा र व्यापार एवंम लगानीलाई सुदृढ पार्न प्रमुख कार्यकारी अधिकारीहरूको मञ्चको स्थापना समावेश छ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै भारतीय विदेश सचिव विक्रम मिसरीले भने कि जर्मन चान्सलरको भारत भ्रमणले रक्षा, व्यापार, सीप, हरित ऊर्जा र जन- संबंधहरू जस्ता क्षेत्रहरूमा सहयोग बढाउनमा केन्द्रित दुई देशहरू बीचको महत्वपूर्ण संलग्नता देखेको छ। जर्मनीले नवीकरणीय ऊर्जा, हरित हाइड्रोजन, र जलवायु- लचिलो शहरी पूर्वाधारलाई समर्थन गर्न हरित र दिगो विकास साझेदारी अन्तर्गत १.२४ अर्ब यूरोको वित्त पोषणको घोषणा गर्यो।

## P M VBYLD 2026

प्रधानमन्त्री नरेन्द्र मोदी आज साँझ नयाँ दिल्लीमा भई रहेको विकसित भारत युवा नेता संवाद (VBYLD) २०२६ को समापन सत्रमा भाग लिँदै हुनुहुन्छ। यस अवसरमा प्रधानमन्त्रीले प्रदर्शनीको पनि भ्रमण गर्नुभयो र युवा नेताहरूसँग उनीहरूको नवीनता र विचारहरू जान्न अन्तर्रक्रिया गर्नुभयो। कार्यक्रमको क्रममा, प्रधानमन्त्रीले .. २०२६ को लागि निबन्ध संकलन पनि विमोचन गर्नुहुनेछ, जसमा युवा सहभागीहरूले भारतको विकास प्राथमिकताहरू र दीर्घकालीन राष्ट्र निर्माण लक्ष्यहरूमा लेखेका चयन गरिएका निबन्धहरू समावेश छन्।

## युवा दिवस

आज राष्ट्रिय युवा दिवस हो र आजै स्वामी विवेकानन्दको जन्मजयन्ती पनि हो। राष्ट्रिपति द्रौपदी मुर्मु, उपराष्ट्पति सी. पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले यस दिन स्वामी विवेकानन्दलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

## <u>संसद – बजेट सत्र</u>

केन्द्रीय बजेट २०२६-२७ अर्को महिनाको एक तारिख, आइतबार लोकसभामा पेश हुनेछ। संसदको बजेट सत्र यस महिनाको २८ तारिखबाट शुरू भएर २ अप्रिलसम्म चल्नेछ। लोकसभा अध्यक्ष ओम बिरलाको आज नयाँ दिल्लीमा संवाददाता सम्मेलनमा एक प्रश्नको जवाफमा सदनमा बजेट पेश गर्ने प्रक्रिया एक फरवरी बिहान ११ बजे शुरूहुने बताउनु भयो।

## <u>अनिवार्य घोषणा</u>

आज राति ९.३० बजे हाम्रो द्विभाषी लाइभ फोन-इन कार्यक्रम Public Speak मा, हामी एन्टिबायोटिकको दुरूपयोग र यसकको नराम्रो प्रभावको बारेमा एम्सका पूर्व प्रमुख डा. एसके शर्मा र लेडी हार्डिंग अस्पतालका मेडिसिन विभागका डा. अनुपम प्रकाशसँग गहन छलफल गर्नेछौं।

कार्यक्रमको क्रममा, श्रोताहरूले एन्टिबायोटिकको ओभरडोजको नराम्रो प्रभाव, एन्टिबायोटिकको प्रयोगको लागि चिकित्सा मार्गदर्शन कहिले लिने र एन्टिबायोटिकको वैखल्पिक उपचार सम्बन्धी प्रश्नहरू सोध्न सक्नेछन्।

भाग लिनको लागि, राति ९.३० बजेदेखि टेलिफोन नम्बरहरू ०११-२३३१०४८१, ०११-२३७१७११७, ०११-२३७१७१०६ र ०११-२३३१४४४४ मा डायल गर्नु सक्नुहुनेछ।

वौकलेप्क रूपमा, तपाईले आफ्ना प्रश्नहरू व्हाट्सएप मार्फत ९२ ८९ ०९ ४०४४ नम्बरमा पठाउन सक्नुहुन्छ वा Ask Air hashtag प्रयोग गरेर X मा आफ्ना प्रश्नहरू पोस्ट गर्न सक्नुहुन्छ।

## <u>महिला प्रिमियर लिग</u>

महिला प्रिमियर लिग ( WPL) क्रिकेट प्रतियोगिता, रोयल च्यालेन्जर्स बैंगलोरले यूपी वारियर्सको सामना गर्दैछ। खेल भारतीय समयअनुसार साँझ ७.३० बजे नवी मुम्बईको डि. वाई पाटिल स्पोर्ट्स एकेडेमीमा शुरू भएको छ। आर सि बी ले टस जितेर पहिलो बलिङ गर्ने भएकोछ।

## ८३ औं गोल्डन ग्लोब अवार्ड २०२६

तिरासिऔं गोल्डन ग्लोब अवार्ड २०२६ ले हिजो राति ताराहरूले भरिएको रात देख्यो साथै ठूला र अप्रत्याशित जितहरू पनि। यस वर्ष, चलचित्र र टेलिभिजन जगतबाट मात्र होइन तर पहिलो पटक पोडकास्टहरूबाट पनि उत्कृष्टताको उत्सव मनाइयो। यो तेस्रो पटक हो जब ग्लोब्सले सामन्य पुरस्कारहरूमा नमिल्ने चलचित्रहरूको लागि सिनेमा र बस्स अफिस उपलब्धि श्रेणी समावेश गरेको छ। लियोनार्डो डिकैप्रियोको वन ब्याटल आफ्टर अनदरले उत्कृष्ट कमेडी फिल्मको पुरस्कार जित्यो भने टेयाना टेलरले सहायक अभिनेत्री र पल थोमस एन्डरसनले उत्कृष्ट निर्देशक र उत्कृष्ट पटकथाको परस्कार जीते। क्लो झाओको शेक्सपियर नाटक ह्यामनेटले उत्कृष्ट फिल्मको पुरस्कार हात पार्यो।